*प्रार्थना*

*परमेश्वर हजुरको चरणमा आउदछु पभु तपाईले हाम्रो लागी येशु मशिहको रगत द्धारा एउटा मार्ग बनाउनु भएको छ । त्यहि मार्ग द्धारा हामी आउदछौं । हाम्रो सारा प्राण,शरिर,र आत्मा तपाइको चरणमा राख्दछु । अति पबित्र बिश्वासमा अगाडि बढ्नको लागी हामी पबित्र आत्माको तागत दिनुस्। यो बचन बुझ्नलाइ समझ शक्ति दिनुस्। यो सबै बिन्ति प्रार्थना येशु मशिहको नाममा आमेन*

१ कारिन्थी १३:१३ [13] यसैले, यी तिन कुराहरू रहिरहनेछन् विश्वास, आशा र प्रेम। अनि यिनीहरूमा सबैभन्दा ठूलो हो प्रेम.

संसारमा र परमेश्वरको राज्यमा मुख्य कुरा अलग अलग हुन्छ । परमेश्वरको राज्यमा प्रेम सबै भन्दा मुख्य कुरा हो । बिश्वास, आसा र प्रेममा प्रेम नै सर्वोतम हो । बिश्वास द्धारा गरेको हरेक काम प्रेम द्धारा गर्नु पर्छ । किनभने मृत्युको पछाडि होइनभने येशु हाम्रो मृत्युको अगाडि आउनुभयो भने हाम्रो मुकुट हाम्रो इनाम सबै कुरा हाम्रो काम द्धारा होइन प्रेम द्धारा गरेको अनुसार हुन्छ । पावलले कोरिन्थीको पुस्तकमा १३ अध्यायमा पबित्र आत्मा द्धारा प्रेम को बारेमा यसरी भन्दछन् । सबै थोक भएर पनि प्रेम छैन भने सबै थोक ब्यर्थ हुन्छ । संसारमा पनि एउटा प्रेम छ आफ्नै मान्छेलाइ उनीहरुले प्रेम गर्छन्। पावलले भनेको प्रेम यस्तो होकि जसरी परमेश्वरले हामीलाइ प्रेम गर्नहुन्छ त्यस्तै प्रेम हामीमा हुनु पर्छ। परमेश्वरको जस्तै प्रेमको सिद्धतामा हामी पुग्नु पर्छ। हामी परमेश्वर जस्तै बलमा , शक्तिमा बुद्दिमा पुग्न सक्दैनौ तर बोलिमा र प्रेममा हुन सक्छौं । यो संसारिक प्रेमको कुरा होइन यो परमेश्वरको प्रेमको कुरा हो । हाम्रो परमेश्वर सबै कुराको सृष्टिकर्ता हुनुहुन्छ त्यसैगरी प्रेमको सृष्टिकर्ता पनि परमेश्वर हुनुहुन्छ । त्यो कुरा हामी परमेश्वरले हामी माथि गरेको प्रेम बाट थाहाँ गर्न सक्छौं । कति जनाले परमेश्वरको प्रेमको बारेमा थाहाँ नपाएको कारणले गर्दा उनीहरुमा उद्धारको सुरक्षीत नभएको । सानो गल्ति भयो भने म नरक जान्छु होला होइनभने मलाइ परमेश्वरले दण्ड दिनुहुन्छ । हाम्रो उद्धार सुरक्षित नभएको कारण रोमीको ५ अध्याएको अनुसार म अधर्मि थिए म परमेश्वरको बिरुद्धमा थिए ।म उहाँको शत्रु थिए त्यो समयमा पनि येशु प्रभुले मलाइ प्रेम गरेर मेरो मुक्तिको निम्ति उहाँ क्रुसमा मर्नु भयो ।म कठोर पापि हुदा मलाइ प्रेम गरेर मेरो लागी मर्ने प्रभु अब त म उहाँको छोरा छोरी भए पछि मलाइ परमेश्वरले प्रेम गर्नु हुन्न र? हाम्रो सुरक्षा हाम्रो कामको माथि होइन तर परमेश्वरको प्रेमको माथि हुनु पर्छ ।

यहुन्ना ३:१६ ज़ट हो, परमेश्वरले संसारलाई यति साह्रो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो त्यस द्वारा उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश हुने छैन, तर अनन्त जीवन प्राप्त गर्नेछ।

परमेश्वरले संसारलाइ यस्तो प्रेम गर्नु भयो ।कि उहाँले एक मात्र पुत्रलाइ हाम्रो लागी दिनुभयो । यो हो परमेश्वरको प्रेमको प्रमाण । यो प्रेम परमेश्वरले कहिले गर्नु भयो?

प्रकास १३:८ [8] समस्त मानिसहरु जो पृथ्वीमा बस्छन्, त्यो पशुको पूजा गर्नेछन्, अर्थात तिनीहरुले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।

यो थुमा संसारको सृष्टि हुनु भन्दा अगाडि नै मारिनु भएको थियो । परमेश्वरलाइ पहिलानै थाहाँ थियो कि मान्छे जातिले पाप गर्नेछन् एक दिन पापको लागी मेरो पुत्रको बलिदान गर्नु पर्छ यि सबै कुराहरु बाट हामीलाइ थाहाँ हुन्छ कि परमेश्वरले हामीलाइ बनाउनु भन्दा पहिला नै हामीलाइ प्रेम गर्नु भयो । किनभने परमेश्वर प्रेम हुनुहुन्छ । उहाँ प्रेम भएको कारण उहाँ हामीमा पनि उहाँ कै जस्तै प्रेम हेर्न चाहनुहुन्छ । परमेश्वरले संसार बनाएको उहाँ पबित्र भएको कारणले होइन उहाँ धार्मिक भएकोले पनि होइन उहाँ प्रेम भएको कारणले गर्दा हो । हाम्रो जीबनमा पनि हाम्रो धार्मिकताको ,पबित्रताको कारणले मात्र हामी उहाँका चेला भनेर चिनिदैनौ उहाँका चेला भनेर चिनिनको लागी उहाँको जस्तै प्रेम हुन जरुरी छ ।

भजनसग्रह २७:१० [10] मेरो माता-पिताले मलाई छोडी गए। तर परमप्रभुले मलाई लानु भयो र बनाउनु भयो।

संसारमा सबै भन्दा माया गर्ने हाम्रो आमा र बाबाले हामीलाइ त्याग्न सक्छन् तर परमेश्वरले हामीलाइ त्याग्नुहुन्न ।कति नानीहरुलाई आफ्नै आमा बाबाले जन्म दिएर फ्याकेका छन् । तर हाम्रो परमेश्वरको प्रेम त्यस्तो होइन ।

यशैया ४९:५० [15] तर म भन्छु, "के एउटी स्त्रीले आफ्नो नानी बिर्सिन सक्छे? अहँ! के एउटी स्त्रीले आफ्नो गर्भबाट जन्माएको आफ्नो नानीलाई बिर्सिन सक्छे? यदि उसले बिर्सन सक्छे भने पनि म तिमीलाई बिर्सिने छैन।

अनिकाल भएको समयमा आमाहरुले पनि आफ्नै नानीहरु खाए । हेर्ने हो भने एउटा आमाको प्रेममा पनि स्वार्थ छ मेरो नानी मेरो छोराको उन्नति मेरो मेरो भनेर भन्छौं । आदमले पाप गरेर हामी सबै सैतानका छोरा छोरी भएका थियौ । हामी सैतानका छोरा छोरीलाइ पनि परमेश्वरले प्रेम गरेर आफ्नै रगत बहाएर मोल तिरेर आफ्नै छोरा छोरी बनाउनु भयो ।

लुका १०: [25] त्यसपछि एकजना व्यवस्थाका शास्त्री त्यहाँ खडा भए अनि तिनले येशूलाई जाँच्ने चेष्टा गरे। तिनले भने, "हे गुरुज्यु, मैले अनन्त जीवन पाउनलाई के गर्नुपर्छ?"
[26] येशूले तिनलाई भन्नुभयो, "व्यावस्था के लेखिएको छ? तिमीले त्समा के पढछौ?
[27] त्यस मानिसले भन्यो, "तिमीले परमप्रभु तिमो परमेश्वरलाई आफ्नो सारा हृदय, सारा आत्मा सारा शक्ति अनि सारा मनबाट प्रेम गर्नु पर्छ।अनि तिमीले

आफैलाई जस्तो अरू मानिसहरूलाई पनि प्रेम गर्नुपर्छ।'"
[28]येशूले त्यस मानिसलाई भन्नुभयो, "तिम्रो उत्तर सही छ। त्यही गर अनि तिमीले अनन्त जीवन पाउनेछौ।"

परमेश्वरको पहिलो आज्ञा यो हो कि परमेश्वरलाइ आफ्नो सारा प्राण , सारा समझ, र सारा शक्तिले प्रेम गर । कुरा यो होइन हामीलाइ परमेश्वरले कति प्रेम गर्नुहुन्छ । कुरा यो हो कि हामी परमेश्वरलाई कति प्रेम गर्छौ ? हामीले उडाउ पुत्रको कहानीमा बाबालाई छाडेर छोरा टाडा जान्छ र त्यसपछि त्यो छोराले आफ्नो बाबालाई यादै गर्दैन । जब उसको जीवनमा अनीकाल आउछ दुख आउछ त्यस पछि मात्र आफ्नो बाबालाई याद गर्छ । धेरै छोराहरु त्यस्तै हो घर छोडेर गए पछि यादै गर्दैनन् जब पैसा सकिन्छ अनी याद गर्छन् । बाबा आमा त छोरा छोरीको बाटो पर्खेको पर्खै हुन्छ । त्यसरी नै हाम्रो परमेश्वर त हामीलाई प्रेम गर्नु हुन्छ त्यसको प्रमाण क्रुसमा परमेश्वरले देखाई सक्नु भयो । तर प्रस्न यो हो कि के हामी परमेश्वरलाई याद गर्छौ ? परमेश्वरले हामीलाई उहाँलाई प्रेम गर्नु भनेर आज्ञा दिनुभएको छ अब यो आज्ञालाई कसरी मान्ने ? अरु आज्ञा पालन गर्न सकिन्छ तर प्रेम गर्नु भन्ने आज्ञा मान्नलाई गाह्रो हुन्छ प्रेम भनेको जबर जस्ति हुदैन । यदि हामीले परमेश्वरलाई प्रेम गर्‍यौ भने हामीलाई के के कुरामा फाइदा हुन्छ

रामी ८:[28]हामी जान्दछौं कि परमेश्वरले प्रत्येक कुरामा तिनीहरूको भलाईको लागि गर्नुहुन्छ जसले उहाँलाई प्रेम गर्दछ। ती मानिसहरू हुन् जसलाई परमेश्वरले बोलाउनु भयो किनभने त्यो उहाँकै योजना थियो।

उहाँलाई प्रेम गर्नेहरुका लागी परमेश्वरले प्रेम गर्ने होइन यदि हामी पुरानो नियममा जाने हो भने परमेश्वरलाई दुई वटा व्यक्तिले अतिनै प्रेम गरे एउटा युसुफ अर्को दाउद त्यसकारणले गर्दा यि दुईको जीवनमा जतिनै समस्या आए पनि परमेश्वर उनीहरुको जीवनमा भलाइ को काम गर्नुभयो । कति जना थिए जसको जीवनमा दुख थियो उनीहरुको जीवनमा परमेश्वरले भलाईको काम गर्नु भएन कारण उनीहरुले परमेश्वरलाई प्रेम गरेनन् । परमेश्वरलाई प्रेम गर्नुको पहिला फाईदा हाम्रो जीवनमा जस्तो सुकै परिस्थिती आउदा परमेश्वरले हामीलाई भलाइ नै गर्नुहुन्छ । जस जसलाइ परमेश्वरले प्रेम गर्नुहुन्छ उनीहरुको जीवनमा सबै कुरामा भलाइ हुदैन किनभने सबैले परमेश्वरलाई प्रेम गर्दैनन् ।

पहिलो कारिन्थी २:९ [9]तर, जस्तो शास्त्रमा लेखिएको छः"कुनै आँखाले पनि नदेखेको, कुनै कानले पनि नसुनेको, कसैले चिन्ता सम्म नगरेको कुरा आफूलाई प्रेम गर्नेहरूका निम्ति परमेश्वरले तयार पार्नु भएकोछ।"

परमेश्वरले प्रेम गर्नैहरुका निम्ति होइन तर परमेश्वरलाई प्रेम गर्नैहरुका निम्ति परमेश्वरले आँखाले नदेखेका , कानले नसुनेका , सोच्दै नसोचेका कुराहरु मतलब जब हामी स्वर्गमा पुग्दा खेरी सबैले एउटै प्रकारको मुकुट पाउदैन । कति मान्छेहरु मण्डलिमा पछाडी बस्नेहरु त्यहाँ अगाडि बस्छन् परमेश्वर तिनीहरुको लागी भन्नुहुन्छ यिनीहरुले कस्तो दिलबाट मलाई प्रेम गरेर मेरो सेवा गर्‍यो ।

याकुब १:१२ [12]त्यो मानिस धन्य हो जो आपत-विपतमा स्थिर रहन्छ, किनकि जाँचको सामना गरिसकेपछि त्यसले जीवनको त्यो मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिने प्रतिज्ञा गर्नुभएको छ।

जो परमेश्वरलाई प्रेम गर्छ त्यसले हर परिक्षामा जित्छ कारण प्रेम कहिले पनि फेल हुदैन । युसुफको जीवनमा ठुलो ठुलो परिक्षा आउदा खेरी पनि उसको परमेश्वरको माथि प्रेमको कारणले गर्दा उसले सबै परिक्षा माथि जिते । सबैले जीबन पाउछ तर जीबनको मुकुट सबैले पाउदैन जीबनको मुकुट त्यसले मात्र पाउछ जसले परमेश्वरलाई प्रेम गर्छ सबै आपत बिपतमा र परिक्षामा सबै कुरामा बिजय हुन्छ ।

याकुब २:५ [5]सुन मेरा प्यारा भाइ अनि बहिनीहरू, अनि यसपछि के परमेश्वरले गरीबहरूलाई विश्वासमा धनी हुन चुन्नु भएको छैन? तिनीहरूको निम्ति जसले उहाँलाई प्रेम गर्छन, परमेश्वरले ती मानिसहरूलाई उहाँले प्रतिज्ञा गर्नु भएको राज्य प्राप्त गर्न चुन्नु भयो।

यो राज्य भनेको अधिकारको कुरा हो । त्यो राज्यमा अधिकार कसले गर्छ जसले परमेश्वरलाई प्रेम गर्छ । जो परमेश्वरलाई प्रेम गर्छ उनीहरु गरिब भए पनि बिश्वासमा उनीहरु धनी हुन्छ । हामीले परमेश्वरलाइ कसरी प्र्याक्टिकलमा प्रेम गर्न सकिन्छ ?

मर्कुस १:३५[35]भोलिपल्ट बिहान, येशू चाँडै उठनुभयो। उहाँले घर छोडनुभयो, विहान अंध्यारोमा नै येशू एकान्तमा जानूभयो अनि प्रार्थना गर्न लाग्नु भयो।

उदाहरणको लागी एउटा जवान केटा केटि प्रेममा परे पछि उनीहरु जती कुरा गरे पनि पुग्दै पुग्दैन ।समयको कुनै सिमा नै हुदैन । प्रेम एउटा सम्भन्ध हो । हामी त्यो प्रेम गर्ने व्यक्तिको लागी कति समय दिनलाइ तयार हुन्छौ ? हामी जब परमेश्वर सगं समय बिताउछौ भने मलाई यो चाहियो त्यो चाहियो भनेर आमेन भनेर उठ्ने होईन परमेश्वरले हामी संग एउटा सम्भन्ध राख्न चाहनुहुन्छ । हाम्रो नानीहरु पनि हामी संग कुरानै गरेनन् र जब उनीहरुलाई केहि चाहिएमा आमा बाबा संग आउछन् भने आमा बाबाले सोच्छन् यो मेरो नानी कस्तो प्रकारको नानी हो । केहि पाउनको लागी मात्र आमा बाबा संग आउछन् पाइसके पछि फेरि जान्छन् । येशु जानुभयो हाम्रो परमेश्वर संग गहिरो सम्भन्ध बनाउनको लागी हो । यदि कसैले पनि कसैलाई प्रेम गर्छ भने उनीहरु एक अर्कामा समय बिताउन मन पराउछन् । त्यसरी नै यदि हामी पनि परमेश्वरलाई प्रेम गर्छौ भने हामी पनि परमेश्वर संग प्रार्थनामा बस्छौ । प्रार्थनामा माग्न सक्छौ । जसरी प्रेम गर्नेहरुको बिचमा पनि हामी एक दुस्रामा माग्छौ तर मुख्य कुरा हो समय बिताउनु । धेरै मानीसहरुलाई परमेश्वर संग समय बिताउन गाह्रो हुन्छ किनभने उनीहरुले परमेश्वरलाई प्रेम गर्दैनन् । येशु मशिहको जीवनलाई हेर्दा खेरी उज्यालो हुने अगाडी परमेश्वर संग समय बिताउनु हुन्थ्यो । किनभने उज्यालो भए पछि मान्छेहरु उहाँ कहाँ चगाँइको लागी , चमत्कारको लागी र बचनको लागी आउथे ,जसले गर्दा येशुको पुरा समय यहि कुरामा जान्थ्यो त्यसैले बिहान हुनु भन्दा अगाडि नै परमेश्वर संग समय बिताउनु

हुन्थ्यो । यस्तो सम्भन्ध येशु र परमेश्वरको थियो । यसरी नै हाम्रो र परमेश्वरको सम्भन्ध यस्तो छ कि छैन ? प्रेमको पहिलो चिन्ह हो समय कति जनाको दाम्पत्य जीवनमा पनि यहि समस्या हुन्छ । धेरै जनाको श्रीमान घर देखि बाहिर निक्ल्यो भने निक्ल्यो निक्ल्यो घर नै आउदैनन् र श्रीमतीहरु संग समय नै बिताउदैनन् । त्यस्तो हो भने हाम्रो प्रेमको न्याय हुन्छ । न्यायको दिनमा असल हुदैन । प्रार्थनाको समय भनेको परमेश्वर संग बिताउने समय हो ।

१थिस्लोनिकी ५:१७ [17]प्रार्थना गर्न कहिल्यै नछोड।

एउटा केटा र केटि बिचमा प्रेम भयो भने जाहाँ गए पनि उसैको बारेमा सोच आउछ । मोबाइल छ भने टेक्ट गरेरै बस्छन् । त्यसरी नै परमेश्वर पनि हाम्रो बारेमा लाखौ करोडौ सोच राख्नु हुन्छ । परमेश्वरको धेरै जना छोरा छोरीहरु छन् तर ति सबै परमेश्वरको दुलहि होइनन् जो परमेश्वरलाई प्रेम गर्छन् र उहाँको बारेमा सोच्छन् उहाँमा समय बिताउछन् र उहाँलाई पर्खेर बस्छन् उनीहरु हुन् परमेश्वरको दुलही । रिबेकाको घरमा एलियाजार गयो । सबै कुराहरु भयो त्यसपछि एलियाजारलाई १० दिन कुर्नु भनेपछि एलियाजारले भने म यत्रो दिन कुर्न सक्दिन भन्दा खेरी रिबेकालाई सोधे उसको बिचार रिबेकालाई थाहाँ थियो अब म फर्केर आउदिन जो संग बिवाह हुदैछ उसलाइ पनि चिनेको छैन केहि थाहाँ छैन । र पनि रिबेकाले भनिन् भोलिनै जाउ उनलाई थाहाँ थियो फेरि म आफ्नो आमा बाबालाइ देख्दिन र पनि उनै छिटै जान तयार भइन् कारण उनले दुलहाको बारेमा सुनीन् र उसको बारेमा साचिन् त्यस पछि उनको सोच मात्र दुलहा तर्फ भयो । परमेश्वरको बचनले भन्दछ मानीसले आफ्नै बाबा आमालाई छोडेर एक अर्कामा जोडिन्छन् । हो यस्तो प्रेम हाम्रो परमेश्वर संग छैन भने हामी परमेश्वरको दुलही हुन सक्दैनौ। सबै भन्दा मुख्य कुरा प्रार्थना हो । एउटा ब्यक्ति परमेश्वर संग बिताउने समय हो । येशु जति सुकै थाकेता पनि उज्यालो हुने अगाडी नै परमेश्वर संग समय बिताउनु हुन्थ्यो । यो हो सम्भन्ध ।

रामी १२:१२ [12]खुशी होऊ किनभने तिमीहरूसँग आशा छ। दु:खमा धैर्य धारण गर। सधैं प्रार्थना गर।

सधै प्रार्थना गर यदि हामीले येशुको जीवन हेर्ने हो भने उहाँले आफ्नो प्रार्थनाको समय कसैलाई पनि छुन दिनु हुदैन थियो ।

दानियल ६:१० [10]दानियलले प्रत्येक दिन तीन पल्ट परमेश्वरलाई प्रार्थना गर्थे, प्रत्येक दिन तीन पल्ट दानियल घुँडा टेकेर परमेश्वरको प्रार्थना अनि प्रशंसा गर्थो जब दानियलले यो नयाँ नियमको विषयमा सुने ऊ उसको घरमा गए। दानियल उसको घरको छतमाथि गए। दानियल झ्यालतिर गए त्यो यरूशलेमपट्टि खोलिएको थियो। तब दानियलले सधैं जस्तै उनको घुँडा टेकेर प्राथर्ना गथर्।

दानीयल बेबिलोनमा सबै भन्दा उच्च स्थानमा पुगेका थिए । उ भन्दा माथि एउटा राजा मात्र थियो । उसको परिवार थिएन प्रार्थनामा माग्नको लागी केहि पनि थिएन । त्यो भन्दा उन्नती खोज्ने हो भने राजा हुन पर्थ्यो । उसलाई परमेश्वर देखि केहि चाहिएको थिएन र पनि उनी दिनको ३ पटक प्रार्थना गर्थे । दाउदले पनि दिनमा ३ पटक प्रार्थना गर्थे । दाउद राजा भए पछि पनि प्रार्थना गर्थे ।

प्रेरित १३:२२ [22]शावललाई हटाए पछि परमेश्वरले दाऊदलाई तिनीहरूका राजा बनाउनु भयो। परमेश्वरले दाऊदको विषयमा यसो भन्नु भयोः 'यस्सीको छोरा दाऊद एउटा मानिस हो जसले मैले सोचे जस्तो सोच्छ। मैले चाहे अनुसार सबै कामहरू उसले गर्नेछ।

परमेश्वरले दाउदको बारेमा यसरी गवाहि दिनु भयो । मेरो हृदय अनुसारको मान्छे भनेर भन्नु भयो । परमेश्वर दाउदको पछाडि होईन , दाउद परमेश्वरको पछाडि हिड्थे । त्यस्तो मान्छेहरुलाई हो परमेश्वरले राजाको रुपमा चुन्ने । संसारमा हामी हुदा खेरी परमेश्वरलाई खोजेर उहाँको पछाडि गएन भने माथि हामीलाइ अधिकार परमेश्वरले दिनुहुन्न । प्रार्थनामा धेरै जनाले माग्ने मात्र गर्छन् तर वास्तबमा प्रार्थना भनेको परमेश्वर संग समय बिताउनु हो उहाँ संग कुरा गर्नु हो ।

भजनसंग्रह १८:६ [6]म पासोमा फसें, मैले सहयोगको लागि परमप्रभुलाई बोलाएँ। हो, मैले परमेश्वरलाई बोलाएँ। परमेश्वर उहाँको मन्दिरमा हुनुहुन्थयो उहाँले मेरो स्वर सुन्नभयो। उहाँले मेरो विलापमा गोहारेको सुन्नुभयो।

परमेश्वर संग नजिकको सम्भन्ध नभएको कारण सबैको पुकार परमेश्वरको कानमा पुग्दैन । दाउदको हर प्रार्थनाको उत्तर परमेश्वरले दिनुहुन्थ्यो । कारण दाउद र परमेश्वरको बिचमा एउटा गहिरो सम्भन्ध थियो । मानिस सधै परमेश्वर संग जादैनन् जब उनीहरुको जीवनमा समस्या आउदा खेरी मात्र परमेश्वरको पास जान्छन् तर दाउद सधै नै परमेश्वरको पास जान्थे । त्यसै गरी येशु मशिहको जीवनलाई हेर्दा खेरी पनि जस्तो सुकै अवस्थामा येशुले प्रार्थना गरे पनि परमेश्वरले सुन्नुहुन्थ्यो । कारण उहाँहरुको एक अर्काको माथि सम्भन्धको कारणले गर्दा हो ।

कलस्सी ४:२-३ [2]आफैलाई प्रार्थनामा अर्पण गर। अनि जब प्रार्थना गर्छौ सधैं परमेश्वरलाई धन्यवाद चढाऊ।
[3]हाम्रो लागि पनि प्रार्थना गर। परमेश्वरलाई प्रार्थना गर कि उहाँले उहाँको संदेश मानिसहरूलाई भन्ने मौका हामीलाई दिऊन्। प्रार्थना गर कि परमेश्वरले ख्रीष्ट बारेमा खोली दिनु भएको साँचो रहस्य प्रचार गर्न हामी योग्य हुन सकौं। म कैदमा छु किन कि म यो सत्य सिकाँउछु।

बचनमा प्रार्थनामा लागी रहो भनेको छ येशुले ३० सेकेण्ड पनि प्रार्थना गर्न सक्नुहुन्छ होइनभने रात भर पनि प्रार्थना गर्न सक्नुहुन्छ ।दुबै प्रार्थनाको उत्तर पाउनुहुन्थ्यो । यदि म मेरो परमेश्वरलाइ प्रेम गर्छु भने मैले मेरो परमेश्वरको लागी समय अलग राख्नु पर्छ । कति जनाको बिवाह पछिको दाम्पत्य जीवन एक अर्कामा समय नदेको कारण अगाडी बढ्न नै सकेको हुदैन । त्यसरीनै परमेश्वर पाएको १० शाल हुदा पनि कति जनाले परमेश्वरलाइ समय नदेको कारणले गर्दा परमेश्वरमा अगाडी बढ्न नै सकेको हुदैन । प्रार्थना गर्छन् माग्ने मात्र गर्छन् सम्भन्धको प्रार्थना गर्दैनन् ।

यशैया ५६:६-७ [6]कतिपय मानिसहरू जो यहूदीहरू होइनन उनीहरू परमप्रभुकहाँ आएर मिल्नेछन्। तिनीहरूले त्यसो गर्नेछन यसैले तिनीहरूले उहाँलाई सेवा गर्न सक्छन र परमप्रभुको नाउँलाई प्रेम गर्नेछन्। तिनीहरू उहाँका दासहरू हुनलाई आपसमा स्वयं मिल्नेछन्। तिनीहरूले शबथ विश्राम दिनलाई खास उपासनाको दिन भनेर राख्नेछन अनि लगातार मेरो कुरारलाई गहन प्रकारले अनुसरण गर्नेछन्।
[7]परमप्रभु भन्नुहुन्छ, "म ती मानिसहरूलाई मेरो पवित्र पर्वतमा ल्याउनेछु। म तिनीहरूलाई मेरो प्रार्थनाको घरमा खुशी पार्नेछु। तिनीहरूले चढाएका होमबलि र बलिदानहरूले मलाई खुशी पार्नेछ। किन? किनभने मेरो मन्दिर सबै जातिहरूका निम्ति प्रार्थनाको घर हुनेछ।"

प्रार्थना मात्र होइन उहाँको आरधना गर्नेहरुलाइ परमेश्वरले आनन्दित तुल्याउनु हुन्छ। परमेश्वरले हाम्रो निम्ति जे जति गर्नुभयो र गर्दै हुनुहुन्छ त्यसको लागी प्रार्थना भन्दा पनि हामीले उहाँको आराधना चढाउनु पर्छ। यदि म परमेश्वरलाइ प्रेम गर्छु भने म उहाँको आराधना गर्छु। त्यो आराधनामा धन्यबाद , प्रसंसा , उहाँको महिमा सबै थोक हुन्छन्।

भजनसग्रह १००:४ उहाँको शहरमा धन्यवादको गीत लिएर आऊ। उहाँको मन्दिरमा प्रशंसाको गीतहरू लिएर आऊ। उहाँको प्रशंसा गर र उहाँको नाउँलाई धन्यवाद चढाउछै ।

दाउद राजा जब जब  परमेश्वरको मन्दिरमा आराधना गर्नको लागी जानछन् उनी अतिनै आनन्दित हुन्छन् ।त्यसै गरी हामी पनि परमेश्वरको आराधना , प्रसंसा गर्नको लागी खुसी हुन जरुरी छ।

लुका १७१५-१६ **15** जब कुनै एकजना मानिसले आफू निको भएको थाहा पायो, त्यो फर्केर येशूकहाँ गयो। त्यसले ठूलो स्वरमा परमेश्वरलाई धन्यवाद चढायो।
**16** त्यो येशूको चरणमा घोप्टियो अनि येशूलाई धन्यवाद चढायो। त्यो मानिस यहूदी नभई सामरी थियो।

शरीरमा भएको कोरी भनेको प्राणमा भएको पापको चिन्ह हो। निको भयो भनेको उहाँको रगत द्धारा प्राणमा भएको पापको दण्ड बाट मुक्ति पाउनु हो। अनन्त कालमा हामीले जीवन र उद्धार पाउनु हो। धेरैले प्राणको रोग द्धारा उद्धार पाए तर सबै जनाले परमेश्वरलाई धन्यबादको भेटि चढाएनन्। सबैले आराधना गरेनन्। जसरी परमेश्वरले मानीस जातीलाइ प्रेम गर्नु भयो त्यसरी नै मानीस जातीले परमेश्वरलाई प्रेम गरेनन्। १० जना कोरी निको भए तर एउटाले मात्र येशुको पास फर्कर आयो र  धन्यबाद चढायो  ।

लुका ७:४७ [47]यसकारण म तिमीलाई भन्दछु कि उसको धेरै पापाहरू क्षमा भयो। यति स्पष्ट छ कि उसले धेरै माया देखाई। जसलाई कम्ति पाप क्षमा गरिन्छ उसले कम्ती माया पोखाँउछ।"

हामी पनि यो स्त्री जस्तै हो। हामीले पनि धेरै पाप गरेका छौ। र हाम्रो पाप पनि यो स्त्रीको जस्तै परमेश्वरले सबै क्षमा गरिदिनु भएको छ। सिमियोन भन्ने एक फरिसीको घरमा येशु खाना खानको लागी जानु भएको थियो त्यहाँ एक स्त्री आएर येशुको खुट्टा उसको आसुले पुछिन्। सिमियोनले भने कस्तो खालको स्त्री हो त्यति खेर येशुले भन्नु भयो म तिम्रो घरमा आए तर तिमीले मेरो खुट्टा धुनलाई पानी पनि दिएनौ तर यस स्त्रीले जब देखी आई मेरो खुट्टा चुम्बन गर्न छोडेकि नै छैन।

रामी१४:२३[23]तर कसैले शंका गर्दै केही कुरो खान्छ भने उ स्वयं नै दोषी हुँदछ। किन? किनभने उसलाई त्यो उचित हो भन्ने भरोसा भएन अनि भरोसा नभई गरेको जे कुरा पनि पाप हो।

बिश्वास बिना गरेको कुरा सबै पाप हो। हामीले हर काम बिना बिश्वास गर्छौ। यसको मतलब हो हामी हर दिन पाप गर्छौ तर पनि परमेश्वर हाम्रो हर पापको क्षमा दिनुहुन्छ। उहाँको कृपाको कारणले गर्दा नै हामी सास लिइ नै राखेका छौ। कृपा पापको क्षमाको लागी हो। परमेश्वरले १ मिनट को लागी उहाँको कृपा हामी बाट निकाल्नु भयो भने हाम्रो न्याय शुरु हुन्छ। त्यसकारणले हामी उहाँको कृपाले मात्र आज हामी यहाँ छौ। १० कारीहरु थिए १० कारीहरुलाई नै येशुले निको पार्नु भयो तर एउटाले मात्र ठुलो श्वरमा परमेश्वरको प्रसंसा गर्‍यो।

भजनसंग्रह १०३:१-५[1]रो आत्मा, परमप्रभुको प्रशंसा गर! प्रत्येक मेरो अङ्गले उहाँको पवित्र नाउँको गुण-गान गर्दछ।
[2]हे मेरो आत्मा, परमप्रभुको प्रशंसा गर अनि नबिर्सि कि उहाँ नै वास्तवमा कृपालु हुनुहुन्छ।
[3]परमेश्वरले हाम्रा सारा पापहरू क्षमा गरिदिनु हुन्छ। उहाँले हाम्रा सारा रोगहरू निको पारिदिनु हुन्छ।
[4]परमेश्वरले चिहानबाट हाम्रो जीवन बचाँउनु हुन्छ अनि हामीलाई उहाँले प्रेम र दया गर्नुहुन्
[5]परमेश्वरले हामीलाई प्रशस्त राम्रा कुराहरू दिनुहुन्छ। उहाँले हाम्रो जवानीलाई गरूड जस्तो नयाँ तुल्याउनुहुन्छ।

परमेश्वरले यो माथिका पद अनुसार यो सब चिज हाम्रो लागी गर्नु भएकोमा हामीले हर दिन परमेश्वरको प्रसंसा गर्नु पर्छ।

मत्ति ४:१० [10]येशूले शैतानलाई भनुभयो, "म देखि टाढा भइहाल, शैतान। धर्मशास्त्रमा यस्तो लेखिएको छ, 'तैंले परमप्रभु आफ्नो परमेश्वरलाई दण्डवत् गर्नु पर्छ अनि उहाँकै मात्र सेवा गर्न पर्छ।"

येशुले भन्नु भयो सबैले परमेश्वरको प्रसंसा गर्नु पर्छ।

यहुन्ना १४:१५ [15]"यदि तिमीहरूले मलाई प्रेम गर्यौ भने, तब तिमीहरूले मेरो आज्ञा पालन गर्नेछौ।

जो व्यक्तिले परमेश्वरलाई प्रेम गर्छ त्यो व्यक्तिले परमेश्वरको आज्ञाहरु पालन गर्छ । पहिलो प्रार्थनामा समय , दोस्रो धन्यबाद, प्रसंसा आराधना , तेस्रोमा उहाँको आज्ञा पालन गर्नु हो ।

[21] यदि कसैले मेरो आज्ञाहरू ग्रहण गर्छ र यसलाई पालन गर्दछ, त्यस मानिसले मलाई प्रेम गर्दछ। अनि मेरा पिताले तिनलाई प्रेम गर्दछन्। जसले मलाई प्रेम गर्दछ। अनि म त्यस मानिसलाई प्रेम गर्छु। म उमाथि प्रकट हुनेछु।"

जसले परमेश्वरलाइ प्रेम गर्छन् उनीहरुले परमेश्वरको आज्ञाहरु खोज्छन् । उनीहरु संग परमेश्वरको आज्ञाहरु हुन्छन् । युसुफलाइ उसको दाजुहरुले घृणा गरे फेरी पनि युसुफको बाबाले युसुफलाइ छोरा तिम्रो दाजुहरु सेकेममा गएका छन् ।जाउ र गएर हेर भनेर भन्दा युसुफले बाबालाइ प्रेम गरेको कारण उसले बाबाको आज्ञा मानेर उ सेकेममा खोज्दै पुग्दा खेरी उसले दाजुहरुलाइ सेकेममा भेटेन त्यसपछि उ फर्केर आएर बाबा म सेकेममा गए तर दाजुहरुलाइ भेटिन भनेर भन्न सक्थ्यो तर उसले त्यसो गरेन तर उसले दाजुहरुको बारेमा मानीसहरुलाइ सोध्यो र उसले थाहाँ पायो कि उनीहरु सेकेम बाट पनि २० किलोमिटर टाढाँ दोतानमा गएका छन् भनेर उ फेरी आप्नना दाजुहरुलाइ खोज्दै दोतान सम्म पुग्यो । यि सबै युसुफले आप्नो बाबाको आज्ञा पालन गर्नको लागी गरे । बाबाले भन्यो सेकेममा जानु त्यसको पछाडिको उदेस्य दाजुहरु को हालखबर जान्नु थियो । युसुफ खाली सेकेम मात्र गएर आएको भए उसलाइ दाजुहरुको हालत थाहाँ हुने थिएन किनकी दाजुहरु सेकेम बाट दोतानमा गएका थिए । युसुफले आप्नो बाबालाइ प्रेम गर्थे जसले गर्दा आप्नो बाबाको उसलाइ पठाउनुको मुख्य उदेस्य बुझेका थिए । । यस्तै गरी येशुलाइ पनि दाउदको पुत्र म माथि दया देखाउनुस् भन्दा येशुले जाओ र मन्दिरको पुजाहारीलाइ देखाउनु भनेर भन्नुभयो त्यो एउटा आज्ञा हो  त्यस पछि उहाँको आज्ञा मानेर तिनीहरु गए र १० जनाले नै चगांइ पाए । येशु मशिहको एउटा इच्छा र आसा छ चगांइ पाए पछि फर्केर आएर उहाँलाइ धन्यबाद चढाउनु । सबैले आज्ञा माने र सबैले चगांइ पनि पाए तर त्यस मध्यमा एउटाले मात्र परमेश्वरको मनको आसालाइ बुझे अनी फर्केर आएर उहाको धन्यबाद चढाए ।

यहुन्ना १४:२१ [21] यदि कसैले मेरो आज्ञाहरू ग्रहण गर्छ र यसलाई पालन गर्दछ, त्यस मानिसले मलाई प्रेम गर्दछ। अनि मेरा पिताले तिनलाई प्रेम गर्दछन्। जसले मलाई प्रेम गर्दछ। अनि म त्यस मानिसलाई प्रेम गर्छु। म उमाथि प्रकट हुनेछु।"

हामी जति जति येशु मशिहलाइ प्रेम गरेर उहाँको आज्ञामा चल्छौ भने येशु हामी माथि प्रकट हुनुहुन्छ ।

[23] येशूले भन्नुभयो, "यदि कसैले मलाई प्रेम गर्छ भने, उसले मेरो शिक्षा पालन गर्दछ। अनि मेरो पिताले पनि तिनलाई प्रेम गर्नुहुन्छ। म र मेरा पिता तिनीकहाँ आउनेछौं र तिनीसंगै बस्नेछौं।

एउटा स्त्री र पुरुष बिवाह गरे पछि त्यो स्त्रीले उसको श्रीमानलाइ खानामा के मन पर्छ भनेर उसको नजीकको मान्छे सगं सोधेर त्यहि बनाउने गर्छिन् । धेरै जनाले अर्काहरुलाइ दिने उपहार आफैलाइ मन पर्ने उपहार दिन्छन् तर उपहार त त्यस्तो दिनु पर्छ जो त्यो मान्छेलाइ मन परोस् जसलाई हामीले दिएका छौ । यदि हामीले कसैलाइ प्रेम गर्छौ भने हामीले उसलाइ के के मन पर्छ र के के मन पर्दैन त्यसको बारेमा ध्यान दिन्छौ । त्यसरीनै यदि हामी परमेश्वरलाइ प्रेम गर्छौ भने हाम्रो इच्छा होइन परमेश्वरको इच्छा के हो खोज्छौ र त्यस अनुसारमा हिड्छौ । जब हामी परमेश्वरको इच्छा खोज्छौ भने उहाँ हामीमा प्रकट हुनुहुन्छ । र सबै उहाँलाइ के मन पर्छ के मन पर्दैन सबै भन्नुहुन्छ । येशुले नयाँ नियममा प्रेम प्रकट गर्नुहुन्छ ।पुरानो नियममा ब्यबस्थाले डर प्रकट गर्छ ।

१ यहुन्ना ५:३ [3] परमेश्वरलाई प्रेम गर्नुको अर्थ उनको आदेशहरु पालन गर्नु हो। अनि परमेश्वरका आदेशहरु हाम्रा निम्ति त्यति कठिन हुँदैन।

वस्तबमा उहाँको आज्ञाहरु कठिन छन् तर उहाँको प्रेमको कारणले गर्दा कठिन लाग्दैन ।

१ थिसलोनिकी १:३ तिमीहरूको विश्वासको लागि अनि जुन कुरो तिमीहरूले गरेकाछौ त्यसको लागि हामी सधैं प्रार्थना गर्दा परमेश्वर हाम्रा पितालाई धन्यवाद दिंदछौं। अनि प्रेमको कारणले तिमीहरूले गरेको कामको निम्ति उहाँलाई धन्यवाद दिंदछौं। हाम्रा प्रभु येशू ख्रीष्टमा तिमीहरूको आशाको कारणले दृढ रहेकोमा हामी तिमीहरूलाई धन्यवाद दिंदछौं।

प्रेममा परिश्रम छ । तर पनि कठिन हुदैन ।

उत्पति ३०:४०-४१ [40] दिउँसोको घामले मेरो शक्ति नष्ट गर्यो अनि रातको चिसोले निद्रा लग्यो।

[41] बीस वर्षसम्म कमारा झैं तिम्रो सेवा गरें। पहिलो चौध वर्ष तिम्री दुइवटी छोरीहरूको निम्ति अनि पछिको छ वर्ष तिम्रो वस्तुहरू पाउनको निम्ति खटें। अनि त्यस समयमा तिमीले मेरो ज्याला दश पल्ट हेरफेर गर्यौ।

याकुबले कमाराको रुपमा २० शाल आप्नना ससुरा लाबानको घरमा दिन रात काम गरे । उनी राहेललाइ प्रेम गर्थे र उनी संग बिवाह गर्न चाहन्थे । पहिला राहेललाइ बिवाह गर्न ७ शाल लाबानको घरमा काम गरे त्यस पछि बिवाह गरे त्यो रात  राहेलको सट्टामा उनकी दिदि लेआ थिइन् । लाबानले भने पहिला जेठि छोरी फेरी अरु ७ शाल काम गर अनी म तिमीलाइ कान्छि छोरी राहेल पनि दिन्छु । याकुबले राहेललाइ पाउनको लागी अरु ७ शाल काम गरे । याकुबले यत्रो दुख गरे र १४ शाल बिताए त्यो सबै राहेल संगको प्रेमको कारणले गर्दा गर्न सके ।

उत्पति २९:२० 20याकूबले सात वर्षसम्म लाबानको सेवा गर्यो तर उनले राहेललाई अत्यन्तै माया गरेकोले सात वर्ष समय बिताउन केही गाह्रो परेन।

याकुबले राहेललाइ अतिनै प्रेम गरेको कारणले गर्दा १४ शाल बिताउन केहि गाह्रो परेन । त्यसरी नै यदि हामीले परमेश्वरलाइ प्रेम गर्दैनौ भने सानो भन्दा सानो आज्ञा पनि हामीलाइ मान्नको लागी गर्नको लागी कठिन हुन्छ तर यदि हामी हाम्रो परमेश्वरलाइ हृदय बाट प्रेम गर्छौ भने कठिन भन्दा कठिन परमेश्वरको आज्ञा पनि गाह्रो लाग्दैन । हामी संग शरीर छ र अर्को प्राण छ । शरिर त थाक्छ सबैको शरीर थाक्छ । तर प्राणमा थाक्नु हुदैन धेरै जना शरीरमा भन्दा पनि प्राणमा थाक्छन् । प्राणमा थाकेको कारण सानो भन्दा सानो कुरा पनि हाम्रो लागी भार हुन्छ । येशु पनि शरिरमा थाक्नु भयो तर प्राणमा उहाँ कहिले पनि थाक्नु भएन । मण्डलि आउनु मन छैन , प्रार्थना गर्न मन छैन मतलब परमेश्वर संगको प्रेम घटेको छ । जब हामी शरीरमा होइन प्राणमा थाक्छौ भने त्यो हो खतरनाक परिस्थीति ।

गलाती ६:९ 9राम्रो काम गर्नामा हामी थाक्नु हुँदैन। यदि हामी कर्म गर्न रोकिएनौं भने ठीक समयमा हामी बाली उठाउन पाउँछौं।

भलाइ गर्न कहिले थाक्नु हुदैन । कति चोटि हामी भन्छौ यो मान्छेको लागी कति गर्नु धन्यबाद पनि भन्दैन ,भनेर भन्छौ । लाबान कस्तो मान्छे हो आफ्नै छोरीको लागी १४ शाल काम गर्नु भनेर भन्यो र पनि याकुबले राहेलको प्रेमको लागी काम गरे लाबानको लागी होइन । र पनि याकुबको कामको लाभ लाबानले उठाए र पनि राहेलको प्रेमको कारणले याकुबले दुख उठाए ।  राहेलले याकुबलाइ याकुबले झै प्रेम गरीनन् । परमेश्वरले हामीलाइ जसरी प्रेम गर्नु भयो त्यसरीनै हामीले परमेश्वरलाइ प्रेम गरेनौ । उहा हाम्रो प्रेममा निभर हुनुभएन हामीले प्रेम गरौ या नगरौ उहाँले हामीलाइ एक तर्फि प्रेम गर्नु भयो त्यहि परमेश्वरको हामी प्रतिको अथाह प्रेमको कारणले गर्दा उहाँले क्रुसमा गर्नुभएको बलिदानमा उहाँलाइ भार र बोझ भएन । उहाँले केहि पाप नगरीकन हाम्रो पापको लागी आफ्नो शरीरको रगत बहाउन बोझ भएन तर हामी थोरै संगती लामो भयो भने हामीलाइ मुस्किल हुन्छ । र प्रार्थनामा केहि समय बस्नु पर्‍यो भने मुस्किल हुन्छ । बिश्वासको काम छ , प्रेममा परिश्रम छ । आमाको प्रेम भनेको त्यो काम होइन त्यो परिश्रम हो । आमाको बच्चा जन्माउने कक्षलाइ लेबर रुम भनिन्छ । लेबर भनेको परिश्रम हो । होटलमा जति खेर भोग लाग्यो त्यतिखेर गएर खाना पाउदैन । उनीहरुको समय भएपछि बन्द भयो भन्छन् तर आमाको किचन कहिल्यै बन्द हुदैन राती भए पनि भोग लाग्यो आमा भन्दा खाना बन्छ । त्यो हो प्रेम को परिश्रम । जाहाँ बिश्वास रोकिन्छ त्यहा  प्रेम अझै अगाडि बढ्छ । त्यसकारणले बाइबलले भन्छ बिश्वास को अन्त छ तर प्रेमको कहिल्यै अन्त छैन । परमेश्वरले भन्नु भयो जस जसले मलाइ प्रेम गर्छ उसको निम्ति मेरो आज्ञाहरु भारी हुदैन । येशु मशिहले कति जनालाइ खाना खुवाउनु भयो , रोग निको पार्नु भयो , चमत्कारको काम गर्नु भयो  । तर थारै भन्दा थारै जनाले मात्र येशुलाइ धन्यबाद भनेर भने । र पनि येशुले प्रेमको काम गर्न छोड्नु भएन । किनभने उहाँ प्रेम हुनुहुन्छ र पहिला उहाँले हामीलाइ प्रेम गर्नु भयो हामीले उहाँलाइ होइन । त्यहि प्रेम उहाँले हाम्रो जीवनमा उहाँको आत्मा द्धारा हामीमा हालिदिनु भएको छ । त्यो प्रेममा हामी पनि अगाडि अगाडि बढ्न जरुरी छ । कति जनाको मिनिस्ट्रि सुरु देखी अहिले सम्म जोसमा नै चलिरहन्छ । बिचमा रोकिदैन कारण उनीहरुको जीवनमा परमेश्वर प्रतिको प्रेम कम हुदैन । दाउदको जीवनमा परमेश्वर प्रतिको प्रेम कहिले पनि कम भएन ।

उत्पति २९: ३१ 31परमप्रभुले जान्नु हुन्थयो, याकूबले राहेललाई लेआ भन्दाबेशी माया गर्थे। यसर्थ परमप्रभुले लेआलाई एउटा नानी जन्माउन सक्ने योग्य बनाउनु भयो तर राहेल बाँझी रहिन्।

परमेश्वरले सबै कुरा देख्नु हुन्छ । याकुबले लेआलाइ प्रेम नगरेको र राहेललाइ मात्र प्रेम गरेको कारणले गर्दा परमेश्वरले लेआको गर्भ खोलिदिनु भयो र राहेलको गर्भ बन्द गरीदिनु भयो । लेआले आफ्नो पतिको प्रेम खोजिरहिन् । उनी दुखि थिइन् ।

उत्पती २९:३२ 32लेआले छोरो जन्माई अनि त्यसको नाउँ रूबेन राखीन्। लेआले छोरोको नाउँ यस्तो राखी किनभने उनले भनीन्, “मेरो दुःख परमप्रभुले देख्नु भएको छ। मेरा पतिले मलाई प्रेम गर्दैनन्, यसर्थ, अब हुनुसक्छ उनले मलाई प्रेम गर्नेछन्।”

33लेआ फेरि गर्भवती भइन् अनि अर्को छोरो जन्माईन्। उनले त्यस छोरोको नाउँ शिमोन राखीन्। लेआले भनीन्, “परमप्रभुले सुन्नु भयो मैले प्रेम पाइन, यसर्थ उहाँले यो छोरो दिनुभयो।”

34लेआ फेरि गर्भवती भई र छोरो जन्माई। उनले यो छोरोको नाउँ लेवी राखी। लेआले भनी, “अब, निश्चय मेरा पतिले मलाई प्रेम गर्नेछन्। मैले तिनलाई तीनवटा छोराहरू दिएँ।”

35त्यसपछि लेआले अझ अर्को छोरो जन्माई र उसको नाउँ यहुदा राखी। लेआले चौथो छोरोको नाउँ यहूदा राखीन् कारण उनले भनीन्, “अब म परमप्रभुको प्रशंसा गर्नेछु।”

लेआले छोराहरु जन्माउदै पिछे उनले आसा गरीन् कि उनको पतिले उनलाइ प्रेम गर्छन् होला भनेर तर कहिले पनि याकुबले लेआलाइ प्रेम गरेनन् । लेआले आफ्नो पतिको प्रेमको आसा राखेर राखेर नमिले पछि उनले अन्तिममा आएर थाहाँ पाइन् कि उनलाइ परमेश्वरले प्रेम गर्नु हुन्छ । त्यसकारणले अन्तिममा आफ्नो पतिको प्रेमको आसा राख्न छोडिदिइन् अनी फेरी बच्चा जन्माउन छोडिदिइन् । र अन्तिमको बच्चाको नाम यहुदा राखिन् मतलब प्रसंसा हो र परमेश्वरलाइ धन्यबाद चढाइन् ।  लेआलाइ थाहाँ भयो कि उसलाइ

परमेश्वरले प्रेम गर्नुहुन्छ । अब लेआले आफ्नो आखाँ याकुब बाट हटाएर परमेश्वरको माथि राखिन् । त्यस पछि फेरी आफ्नो आसा याकुब माथि राखिनन् र फेरी बच्चा जन्माइनन् । र त्यहि यहुदाको कुल बाट येशु मशिह जन्मनु भयो । यसरी परमेश्वरले लेआ माथि आफ्नो प्रेम प्रकट गर्नु भयो । जब हामी पनि संसारका मानीसहरुको प्रेम माथि बिश्वास राख्छौ भने लेआको जस्तै सधै निरासमा हुन्छौ यदि हामीले आफ्नो आखाँ माथि उठाएर हेर्छौ भने एक जना हुनुहुन्छ जो हामीलाइ कहिलै निरासमा पार्नु हुदैन र उहाँ सधैनै हामीलाइ अथाह प्रेमले प्रेम गर्नु हुन्छ । हामीले कसैलाइ प्रेम गर्छौं भने पहिला चिन्ह हो हामी समय दिन्छौ । दास्रो आराधना हो । परमेश्वरले मेरो निम्ति गर्नु भएको सबै कुराको निम्ति आराधना । तेस्रोमा आज्ञा पालन याकुबको १० छोराहरु थिए तर एउटाले मात्र बाबाको आज्ञा पालन गर्‍यो । याकुबले आफ्नो बाबालाइ प्रेम गर्‍यो । येशुले आफ्नो बाबालाइ प्रेम गर्नुभयो । परमेश्वरले सबैलाइ प्रेम गर्नुहुन्छ तर प्रस्न यो हो कि के हामी परमेश्वरलाइ प्रेम गर्छौं ? के हामी परमेश्वरलाइ आफ्नो समय दिन्छौ ? के हामी परमेश्वरको साचो रुपमा आराधना र प्रसंसा गर्छौं ? र के हामी उहाँका आज्ञालाइ मान्छौ ?

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद हामी सबै जना एउटा दौडमा छौ । दौडको अन्तमा इनामहरु मुकुटहरु सबै हजुरले राख्नु भएको छ प्रभु । त्यो इनामको लागी र मुकुटको लागी हामी दौडिराखेका छौ प्रभु । प्रभु त्यो मुकुट पाउनको लागी तपाइले चाहे जस्तै प्रेम हामीमा दिनुस् । बिश्वास , आसा , प्रेममा प्रेम चाहि सर्बोतम हो । हो त्यहि प्रेममा दरो भएर अगाडी बढ्नको लागी अनुग्रह गर्नुस् प्रभु । हाम्रो मण्डलीमा , परिवारमा त्यो प्रेम प्रकट गर्नुस् प्रभु । सबै प्रार्थना प्रभु येशु मशिहको नाममा आमेन ।*